# अनाथ बालबालिकाको संरक्षण सम्बन्धी
# एक अध्ययन

(चाइल्ड, वेलफेयर एण्ड एजुकेशन र अन्नपूर्ण आत्मनिर्भर बालआश्रममा आधारित अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आवश्यकता पूरा गर्ने
प्रयोजनको लागि समाजशास्त्र विभाग पृथ्वीनारायण
क्याम्पस पोखरामा प्रस्तुत

***शोध प्रस्ताव***


**शोधार्थी**

एकनाथ अधिकारी (अर्जुन)

रोल नं. १३३/०६८

परीक्षा रोल नं. ४८०३४१

रजिष्ट्रेसन नं. ६-१-४८-५०८-२००१



त्रिभुवन विश्वविद्यालय
पृथ्वीनारायण क्याम्पस, पोखरा
२०७४

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाजशास्त्र तथा ग्रामिण विकास विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका निम्ति शोधार्थी छात्र एकनाथ अधिकारी (अर्जुन)द्वारा "**अनाथ बालबालिकाको संरक्षण सम्बन्धी एक अध्ययन**" शीर्षकमा चायल्ड वेलफेयर एजुकेशन, बैदाम र अन्नपूर्ण आत्मनिर्भर बालआश्रम, बाटुलेचौर कास्कीमा आधारित रही तयार पारिएको शोधपत्र प्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..........................

(तेजप्रसाद सुवेदी)

**शोध निर्देशक**

उप-प्राध्यापक

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा

**मितिः २०७४/१२/**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत, समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको निमित्त विद्यार्थी एकनाथ अधिकारी (अर्जुन) ले यस विभागमा प्रस्तुत गर्नुभएको **"अनाथ बालबालिकाको संरक्षण सम्बन्धी एक अध्ययन"** शीर्षकमा चायल्ड वेलफेयर एजुकेशन, बैदाम र अन्नपूर्ण आत्मनिर्भर बालआश्रम, बाटुलेचौर कास्कीमा आधारित रही तयार पारिएको शोधपत्रलाई मूल्याङ्कन समितिबाट स्नातकोत्तर उपाधिका लागि उचित ठहऱ्याइएकोले स्वीकृति प्रदान गरिएको छ ।

## मूल्याङ्कन समिति

..........................
(तेजप्रसाद सुवेदी)
**शोध निर्देशक**

............................
(अञ्चला चौधरी)
**बाह्य परीक्षक**

....................................
(प्रा.डा.विश्वकल्याण पराजुली)
**विभागीय प्रमुख**

**मिति :-**

# कृतज्ञताज्ञापन

यस शोध पत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, पृथ्वी नारायण क्याम्पस समाजशास्त्र तथा मानवशास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नको निमिक्त **"अनाथ बालबालिकाको संरक्षण सम्बन्धी एक अध्ययन"** शीर्षक अन्तर्गत चायल्ड वेलफेयर एजुकेशन, बैदाम र अन्नपूर्ण आत्मनिर्भर बालआश्रम, बाटुलेचौर कास्कीले बालबालिकाको निमित्त गरेका प्रशसनीय कार्यहरूको अध्ययन गरिएको छ ।

शोध अध्ययनको क्रममा मलाई कुशल नेतृत्व प्रदान गर्नुहुने मेरो शोधपत्र निर्देशक आदरणीय गुरु तेजप्रसाद सुवेदीप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै यस शोध अध्ययनको हरेक पृष्ठ पृष्ठ हेरी मेरा कमी कमजोरीहरु औल्याई अमुल्य सुझाव दिनुहुने बाह्य परीक्षक श्री अञ्चला चौधरी ज्यूप्रति कृतज्ञ छु । त्यस्तैगरी यस अध्ययनमा विशेष अभिभावकत्व प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा.विश्वकल्याण पराजुलीज्यूप्रति कृतज्ञता व्यक्त गर्दछु । साथै सम्पूर्ण समाजशास्त्र विभागका आदरणीय गुरुहरूप्रति पनि कृतज्ञता व्यक्त गर्दछु ।

लेखन कार्य शिलशिलामा तथ्याङ्क सङ्कलन गर्न सहयोग, सुझाव एवम् सल्लाह दिनुहुने चायल्ड वेयलफेयर एजुकेशन सञ्चालक दिपक गुरुङ र अन्नपूर्ण आत्मनिर्भर बालआश्रमका सञ्चालक शारदा बस्नेत र हरि अधिकारी ज्यू एवम् सम्पूर्ण कर्मचारीज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । तथ्याङ्क सङ्कलनको क्रममा मैले सोधेका प्रश्नहरूको जवाफ हसिलो मुहारबाट व्यक्त गरिदिने उत्तरदाता भाइबैनीहरूप्रति धन्यवाद व्यक्त गर्दछु साथै द्वितीय तथ्याङ्कको रुपमा तथ्याङ्क उपलब्ध गराउनु हुने विभिन्न संघसंस्था एवम् व्यक्ति विशेषप्रति पनि विशेष धन्यवाद दिन चाहन्छु ।

शोध अध्ययनको लागि समय छुट्याई प्रत्येक पल-पलमा उर्जा एवम् हौसला प्रदानगरी प्रेरणादायी भुमिका निर्वाह गर्नुहने ममतामयी माता दुर्गादेवी अधिकारी, बहिनी, लक्ष्मी अधिकारी साथै जिवन संगिनी अनिता भण्डारीप्रति गौरवान्वित छु । मेरा कोरा पाण्डुलिपीलाई कम्प्यूटर टङ्कन गरी शोध अध्ययनलाई अन्तिम स्वरुप प्रदान गर्न सहयोग पुऱ्याउने "क्विक कम्प्यूटर सर्भिस एण्ड फोटोकपि हाउस" पोखरा-१, बगरप्रति धन्यवाद व्यक्त गर्दछु ।

मितिः २०७४ चैत्र

एकनाथ अधिकारी (अर्जुन)

# विषयसूची


| | |
|---|---|
| *सिफारिस पत्र* | ***i*** |
| *स्वीकृति पत्र* | ***ii*** |
| *कृतज्ञताज्ञापन* | ***iii*** |
| *विषयसूची* | ***iv*** |
| *तालिका सूचि* | ***viii*** |
| *चित्र सूचि* | ***ix*** |
| *शोध सार* | ***x*** |
| | पेज नं. |
| अध्याय - एक : परिचय | १-८ |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको उद्धेश्य | ६ |
| १.४ अध्ययनको महत्व | ६ |
| १.५ अध्ययनको सीमा | ७ |
| १.६ मुख्य शब्दावलीहरूको परिभाषा | ७ |
| १.७ सङ्गठनात्मक ढाँचा | ८ |
| अध्याय - दुई : साहित्यको पुनरावलोकन | ९-२६ |
| २.१ बालबालिका सम्बन्धी ऐतिहासिक पृष्ठभूमि | ९ |
| २.२ सैद्धान्तिक समीक्षा | २२ |
| २.३ पूर्व अध्ययनहरूको समीक्षा | २५ |
| २.४ अवधारणागत खाका | २६ |
| अध्याय - तिन :अनुसन्धान विधि | २७-२९ |
| ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य | २७ |
| ३.२ अनुसन्धान ढाँचा | २७ |
| ३.३ समग्र र नमूना छनौट | २७ |

३.४	तथ्याङ्कको स्रोत एवम् प्रकृति	२८
३.५	प्राथमिक तथ्याङ्क सङ्कलन विधि	२८
३.६	तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण	२९

अध्याय - चार : अध्ययन क्षेत्रको परिचय एवम् अनाथ बालबालिकाको
जनसाङ्ख्यिकीय विवरण	३०-३९
४.१	अध्ययन क्षेत्रको परिचय	३०
४.१.१ बालगृहमा संरक्षित बालबालिकाको अवस्था	३०
४.१.२ बालगृहमा गरिने कार्यक्रमहरू	३१
४.२	संरक्षित बालबालिकाको सामाजिक जनसाङ्ख्यिक विवरण	३४
४.२.१ लिङ्ग	३४
४.२.२ धर्म	३४
४.२.३ जातजातियता	३५
४.२.४ कक्षा	३६
४.२.५ तालिम	३७
४.२.६ जन्मस्थान	३८

अध्याय - पाँच : बालबालिकाको सामाजिक आर्थिक पृष्ठभूमि	४०-४६
५.१	बालबालिकाहरू अनाथ हुनुको सामाजिक पृष्ठभूमि	४०
५.१.१ बाबुआमा/अभिभावक	४०
५.१.२ आमा नभएको कारण	४१
५.१.३ बाबा नभएको कारण	४१
५.१.४ पारिवारिक आर्थिक स्थिति	४२
५.१.५ बाबाको पेशा	४३
५.१.६ आमाको पेशा	४४
५.१.७ बालबालिकाहरू आफ्नो परिवार छाड्नको कारण	४५

अध्याय - छ : बालबालिकाहरू बालगृह आउनु पूर्व र पश्चात्को अवस्था	४७-६५
६.१	परिवारबाट अलग भए पश्चात् आश्रय लिएको स्थान	४७
६.२	बालगृह आउनु पूर्वको क्रियाकलाप	४८

| | | |
|---|---|---|
| ६.३ | बालबालिकालाई बालगृहसम्म लाने सहयोगीहरू | ४८ |
| ६.४ | बालगृहमा बालबालिकालाई प्रदान गरिने सुविधाहरू | ४९ |
| ६.५ | आश्रित बालबालिकाहरू पढ्ने स्कुलको प्रकृति | ५० |
| ६.६ | पढाईका साथसाथै अन्य अतिरिक्त क्रियाकलापहरू | ५० |
| ६.७ | आश्रित बालबालिकाहरूको भविष्यको इच्छा बालगृहसमक्ष प्रतिक्रिया | ५१ |
| ६.८ | बालबालिकाहरू आफ्नै घरपरिवारमा पुर्नस्थापनाको चाहना | ५२ |
| ६.९ | हालसम्म पुर्नस्थापित बालबालिकाको विवरण | ५४ |
| ६.१० | संरक्षित बालबालिकाको बालगृह एवम् सरकारलाई सुझाव | ५३ |
| ६.११ | अबलोकनबाट प्राप्त तथ्याङ्कहरू | ५४ |
| ६.१२ | मुख्य जानकार व्यक्तिसँगको छलफल | ५५ |
| ६.१३ | संरक्षित बालबालिकाहरू पुर्नस्थापित पश्चात् संलग्नता | ५९ |
| ६.१४ | संरक्षित केही बालबालिकाहरूसँग लिइएको वैयक्तिक अध्ययन | ६४ |
| अध्याय - सात : सारांश, निष्कर्ष एवम् सुझाव | | ६६-७० |
| ७.१ | सारांश | ६६ |
| ७.२ | निष्कर्ष | ६८ |
| ७.३ | सुझावहरू | ६९ |
| सन्दर्भसामाग्रीहरु | | ७० |
| अनुसूचिहरु | | |

# तालिका सूचि


| | | |
|---|---|---|
| | | पेज |
| तालिका २.१ | विश्वमा बालबालिकाको अवस्था | १० |
| तालिका २.२ | बाल संरक्षण | ११ |
| तालिका २.३ | जिल्लाका बालबालिकाको कूल जनसंख्या | १४ |
| तालिका २.४ | पोखरा र लेखनाथ नगर क्षेत्रमा रहेका श्रमिक बालबालिकाहरु | १६ |
| तालिका २.५ | लागु औषध प्रयोग गर्ने बालबालिका | १७ |
| तालिका २.६ | विगतको सशस्त्र द्वन्दबाट पीडित भएका बालबालिकाको विवराण | १८ |
| तालिका २.६ | एचआइभी संक्रमित वयस्क तथा बालबालिकाको संख्या | १९ |
| तालिका २.७ | बाल हेल्पलाईनमा दर्ता भएका घटनाहरुको विवरण | २० |
| तालिका :४.१ | कक्षा अनुसार निरन्तर सहयोग प्राप्त गरिरहेका बालबालिकाको | ३२ |
| तालिका ४.२ | उत्तरदाताको लिङ्ग अनुसार विवरण | ३४ |
| तालिका ४.३ | उत्तरदाता बालबालिकाको धर्म अनुसार विवरण | ३५ |
| तालिका ४.४ | उत्तरदाता बालबालिकाको जात अनुसार विवरण | ३५ |
| तालिका ४.५ | उत्तरदाता बालबालिकाको कक्षा अनुसार विवरण | ३६ |
| तालिका४.६ | उत्तरदाता बालबालिकाको पढाई अतिरिक्त अन्य तालिम विवरण | ३७ |
| तालिका ४.७ | उत्तरदाता बालबालिकाको कक्षा अनुसार विवरण | ३९ |
| तालिका ५.१: | उत्तरदाता बालबालिकाका बाबुआमाको स्थिति | ४० |
| तालिका ५.२ : | उत्तरदाता बालबालिकाका आमा नहुनुको कारण | ४१ |
| तालिका ५.३: | उत्तरदाताको बालबालिकाका बाबा नहुनुको कारण | ४२ |
| तालिका ५.४: | उत्तरदाताको पारिवारिक आर्थिक स्थिति | ४३ |
| तालिका ५.५: | उत्तरदाता बालबालिकाका बाबाको पेशा | ४३ |
| तालिका ५.६: | उत्तरदाता बालबालिकाका आमाको पेशा | ४४ |
| तालिका ५.७ | बालबालिकाहरू आफ्नो घरपरिवार छाड्नुको कारण | ४५ |
| तालिका ६.१ : | परिवारबाट अलग पश्चात् आश्रय लिएको स्थान | ४७ |

तालिका ६.२ : बालगृह पूर्वको क्रियाकलाप ४८
तालिका ६.३ : बालगृह लैजानको निम्ति सहयोगीहरू ४९
तालिका ६.४: बालगृहमा पाएको सुविधा ५०
तालिका ६.५: संरक्षित गृहमा बालबालिकाहरूका निम्ति अतिरिक्त कार्य ५१
तालिका ६.६ : संरक्षित बालबालिकाहरू कक्षा अनुसार पुनस्थापित विवरण ५३
तालिका ६.७ : संरक्षित बालबालिकाहरू कक्षा अनुसार पुनरस्थापित विवरण ६०
तालिका ६.८ : कक्षा १-एस.एल.सी.सम्मका संरक्षित बालबालिकाहरू पुनरस्थापित पछिको संलग्नता ६१
तालिका ६.९ : पुर्नस्थापित +२ पास गरेका बालिबालिकाहरूको संलग्नता ६२
तालिका ६.१० : पुर्नस्थापित स्नातक तह पास गरेका बालिबालिकाहरूको संलग्नता ६३

## चित्र सूचि

पेज नं.

चित्र २.१ : अवधारणागत खाका २६

# शोध सार

बालबालिका भन्नाले त्यस्तो उमेर समुहका व्यक्तिहरु हुन् जुन मानवीय जीवनको सुरुवातको अवस्था जसको प्रत्यक्ष रुपमा उसको बाबुआमासँग सम्बन्ध रहेको हुन्छ । ऊ बयस्क नभइन्जेलसम्म उसको सम्पूर्ण रेखदेख, जिम्मेवारी उसका बाबुआमा अर्थात् नजिकका नातेदार हुन्छन् । नेपाल सरकारले १६ वर्ष भन्दा कम उमेरकालाई बालबालिकाको संज्ञा दिएको छ तर अन्य राजनैतिक, वैवाहिक र प्रशासनिक कार्यवाहिमा भने १८ वर्ष भन्दा मुनिका उमेर समुहलाई बालबालिका भनि तोकेको पाइन्छ । त्यस्तैगरी "बालबालिकाको अधिकार सम्बन्धी सरोकार" नामक संस्थाले दिएको परिभाषा अनुसार अठार वर्ष भन्दा मुनिका मानवीय व्यवहार देखाउने बालबालिकाको समुह जो शारीरिक, मानसिक एवम् मनोवैज्ञानिक दृष्टिकोणबाट स्वतन्त्र भएका र संरक्षित भएका बालबालिकाहरूलाई जनाउँदछ । "बालबालिकाको बाँच्न पाउने नैसर्गिक अधिकार" भन्ने उद्घोसका साथ हाल विश्वमा बालबालिकाको हक अधिकार र संरक्षणको निम्ति जुधारु रुपले आवाज बुलन्द गरे तापनि विकसित मुलुकहरूमा प्रायः बच्चा जन्माउने चाहना नराख्ने भएकाले, बच्चा भइहाले पनि बालबालिकालाई स्तनपानको अवस्थादेखि बयस्क अवस्थासम्म सही लालनपालन नहुँदा बढ्दो आधुनिकता, व्यस्थता, सानो सानो टकरावले सम्बन्ध विच्छेद जस्ता कारण बाबुआमा बालबालिकाहरूप्रति पूर्ण समर्पण भएको पाइदैन । धेरैजसो मुलुकहरूमा त १८ वर्ष नपुगिन्जेलसम्म उनीहरूको सम्पूर्ण जिम्मेवारी सरकारले नै व्यहोर्ने गरेको पाइन्छ । कतिपय देशहरुमा अन्य विविध कारणले गर्दा बालबालिकाहरू अलपत्र हुन पुगेका छन् । तर अल्पविकसित, विकासोन्मुख मुलकका भने अति गिरिवीपन, राजनीतिक अस्थिरता, द्वन्दपीडित, भैपरी विपत्ती आदी कारणहरूबाट नै बढी बालबालिकाहरू असंरक्षित जीवन व्यतित गर्न बाध्य छन् । यिनै असंरक्षित बालबालिकामा आधारित रही यस्ता असंरक्षित बालबच्चाहरूलाई बालगृहमा संरक्षण दिन किन आवश्यक पऱ्यो? कस्तो-कस्तो समस्याका बाबजुत बच्चाहरू बालगृहमा आइपुग्छन्? के कारणले गर्दा यस्ता असंरक्षित बालबच्चाहरूको बृद्धि दर बढ्दै गएको छ? बालबालिकाको बालगृह आउनु पूर्व र पश्चात्को अवस्था कस्तो रहेको छ ? भन्ने मुख्य समस्याहरूलाई केलाउनको निम्ति चायल्ड वेयलफेयर एजुकेशन, पोखरा बैदाम र अन्नपूर्ण आत्मनिर्भर बालआश्रम, पोखरा बाटुलेचौरमा संरक्षित कुल ४५ जना बालालिकामा आधारित रही मुख्य रुपमा आश्रित बालबालिका अनाथ हुनुको सामाजिक पृष्ठभूमि पत्ता लगाउनु र बालबालिकाहरू सो गृह आउनु पूर्व एवम् पश्चात्को अवस्था पहिचान गर्नु

उद्देश्य लिइ यो अध्ययन गरिएको छ । मौलिकतामा आधारित रही वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको यस शोध अध्ययनमा लक्षित उद्देश्य हासिल गर्नको निम्ति तथ्याङ्को प्रकृति अनुरूप प्राथमिक तथ्याङ्कका विधिहरू मध्येका प्रमुख विधि अन्तवार्ता अनुसूचि र गौण रुपमा अवलोकन विधि, मुख्य जानकार व्यक्तिसँग छलफल गरी उद्देश्यमूलक नमूना छनोट विधिबाट छनौट गरिएको अध्ययन क्षेत्रमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भई समग्र अध्ययन नमूना छनौट विधिबाट अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी सङ्कलित कोरा तथ्याङ्कलाई वैज्ञानिक रूपबाट व्यवस्थित गरी तालिकीकरण, विस्तृतीकरण गरी देखाइएको छ । तथ्यहरूको प्रकृति हेरी गुणात्मक तथ्यहरूलाई पनि आवश्यक मात्रामा तथ्यपरक बनाइ विश्लेषण गरिएको छ ।

यस शोध अध्ययनमा अनाथ, बेसहारा जनजाति/दलित समुदायका हिन्दुधर्म मान्ने बालिका भन्दा बालकहरूको संख्या बढी हुनाले र घर छाडी हिड्ने बालकहरु नै बढी पाइन्छ । बालबालिकाहरू प्रायगरी असंरक्षित हुने भनेको मुख्य रुपमा आर्थिक स्थिति सार्है नै कमजोर त्यसमा पनि बाबुआमा नहुँदा प्रत्यक्ष प्रभाव साना अबोला बालबालिकामा पर्न गई जिम्मेवारीपूर्ण बहन गर्ने कोहीकतै नहुने हुँदा बाबाआमाको मायाजस्तो अन्यत्रको नहुने हुनाले पनि बालबालिकाहरू असंरक्षित बनेको यस अध्ययनबाट थाहा हुन्छ । त्यस्तैगरी अन्य कारणमा सौतेनी बाबा/आमाको हिंसा, दैविक प्रकोप, बाबुआमाले कुकार्य गर्दा बच्चामा पर्ने संवेगात्मक असर पर्ने हुँदा बालबालिकाहरू अनाथ/बेसहारा बन्न पुग्दछन् ।

घरपरिवारबाट अलग एवम् विपत्तिबाट आफ्ना परिवार गुमाए पश्चात् बालबालिकाहरू सबैभन्दा बढी सडकमा नै जान बाध्य हुने यस अध्ययनले देखाउँछ । आफन्तकोमा सहारा लिने बाँच्नको लागि बिहान बेलुकको खाना टार्नको लागि घर या होटलमा विना शुल्क काम गर्न पनि बाध्य भएको पाइन्छ भने चरम गरिबिका कारण आफ्नै बाबाआमाले सिधै बालगृह, घर या होटलमा कार्य गर्न पठाउने गरेको पनि पाइन्छ । हाल बालबालिकाको बाँच्न पाउने नैसर्गिक अधिकार भन्ने नारा विश्वमा नै प्रसारित भई नेपालमा पनि यसको सरकारी तथा निजी क्षेत्रबाट कार्यान्वयन सुरु भएको पाइन्छ । त्यसमा पनि सामाजिक भावनाले खोलिएका सामाजिक संस्थाहरूबाट नै बढी मात्रामा बालबालिकाहरूको लागि संरक्षण एवम् सम्बद्र्धन गरी उनीहरूको उचित आवास, शिक्षा, तालिम, रोजगारको व्यवस्था गर्नाले संरक्षित बालबालिकाहरू आफ्नो आश्रय पूर्वको दिनचर्यालाई सम्झी अन्य अलपत्र, अनाथ भएका बालकालिकाहरूलाई

पनि निजी क्षेत्रका संघसंस्थाले भन्दा सरकारले नै उनीहरूको संरक्षण, सम्बर्धन एवम् रोजगारीको ग्यारेन्टी गरिदिनुपर्ने तथ्य यस अध्ययनबाट पुष्टि हुन्छ ।

संरक्षित बालबालिकाहरूको अध्ययन पश्चात् बालबालिकाहरूको पारिवारिक आर्थिक बृद्धि, बालबच्चाहरूको अध्ययन, सिप, तालिम पश्चात् उनीहरूलाई पारिवारिक, आफ्ना नातागोता, इष्टमित्र, र अन्य संघसंस्थाको पहलमा पुर्नस्थापित भएको पाउन सकिन्छ । पुर्नस्थापित बालबालिकाहरू मध्ये सबैभन्दाबढी कक्षा १-१० सम्मका ९ जना एस.एल.सी.पास गरेका ९ जना, +२ पास हुने ७ जना र व्याचलर पास २ जना रहेका पाइयो । उक्त पुर्नरस्थापित बालबालिकाहरू सबैजसो आयमुलक कार्यमा लागेको पाइयो ।

# सामाजिक परिवर्तनको सिद्धान्त

सामान्यतया सामाजिक सम्बन्धमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन भनिन्छ । यस किसिमको परिवर्तन सामाजिक संरचनामा परिवर्तन आएपछि मात्र देखिन्छ । सामाजिक संरचनाका इकाइहरुमा जस्तैः धर्म, जाति, भाषा संस्कृति, सामाजिक संस्था आदि लगायतका विभिन्न इकाइमा आउने परिवर्तनले सामाजिक परिवर्तनलाई प्रेरित गर्दछ । समाजका व्यक्तिको पद र भूमिकामा आउने परिवर्तनहरुलाई नै सामाजिक परिवर्तन भनिन्छ ।

Landberg का अनुसार सामाजिक परिवर्तनले अन्तरमानवीय सम्बन्ध एवम् आचरणको स्थापित मानवमा हुने कुनै पनि परिवर्तनलाई जनाउँदछ ।

R.M. Maclever and C.H. Page समाजशास्त्री भएको नाताले हाम्रो पक्ष र सम्बन्ध सामाजिक सम्बन्धहरुसँग छ र त्यसैमा आएको परिवर्तनलाई सामाजिक परिवर्तन भन्दछौ ।

MP Jenson का अनुसार मानिसको सोचाई र कार्यप्रणालीको तरिकामा रुपान्तरण आउनु नै सामाजिक परिवर्तन हो ।

सामाजिक परिवर्तन सर्वव्यापी एउटा प्रक्रिया हो तसर्थ सामाजिक परिवर्तनका सम्बन्धमा विभिन्न चरणहरुमा खोज तथा अनुषन्धानहरु निरनतर चलिरहन्छन् । जसमा निम्न अनुसारका तत्वहरुले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

१. आधुनिकीकरण

२. परनिर्भरता

३. विश्वव्यवस्था

४. समाजवादी व्यवस्था

१. आधुनिकीकरणः

कुनै पनि समाज एक सामान्य अवस्थाबाट जटिल अवस्थातिर रुपान्तरण हुने गर्दछ । जुन प्रक्रियालाई स्वभाविक मान्न सकिन्छ । यो प्रक्रिया समाज विकासको क्रममा निरनतर रुपमा चलिरहन्छ । आधुनिकीकरणले समाजमा नयाँ नयाँ कुराहरुको सिकाइको विकास गरिरहेको हुन्छ । पुँजीवादी उत्पादन प्रणाली दिनप्रतिदिन बढ्दो क्रममा हुने गर्दछ । यसले स्वार्थी समाजको निर्माण गरिरहेको हुन्छ । सामुहिक स्वार्थ भन्दा पनि व्यक्तिगत स्वार्थमा बढि केन्द्रित हुने गरेको पाइन्छ । आधुनिकीकरणले विकाससँगसँगै विकृति र विसंगतिहरु भित्र्याएको पाइन्छ ।

जाति, भाषा, धर्म संस्कृति, रितिरिवाज एवं मुल्य मान्यताहरुमा अभूतपूर्व परिवर्तन हुने गर्दछ । यसलाई नै आधुनिकीकरणको रुपमा लिन सक्छौ ।

परनिर्भरताः

जति जति आधुनिकीकरणको विकास हुँदै जान्छ त्यति त्यति नै बढी भन्दा बढी अरुमा निर्भर हुनुपर्ने र पूँजीवादी उत्पादन प्रणालीको स्रोत साधनहरुमा निर्भर बन्नुपर्ने अवस्था सिर्जना हुन्छ । हिजो मानिसहरुले आफै गर्न सक्ने कामहरु आज मेसिन, औजारहरु प्रयोग हुने गर्दछ । अब मानिसले आफैले काम गर्न सक्ने अवस्था रहँदैन र त्यहाँ सबै मेसिनहरुले र पेसाले काम गर्ने गर्दछ । हिजो खेतवारीमा किसानहरु आफै खनजोत गरेर उत्पादन गर्ने समय थियो तर आज आधुनिकीकरणको विकास सागसँगै मेसिनले खेतबारी खनजोत गरेर उत्पादनका काम हुन थाले । यसले गर्दा हिजो आर्फले गर्न सक्ने काम पूँजीवादी उत्पादन प्रणालीमा मेसिन र औजारहरुले गर्ने हुँदा अरु माथि परनिर्भर बन्नुपर्ने अवस्थाको निर्माण भएको छ यसलाई नै हामी परनिर्भरता भन्न सक्छौ ।

विश्वव्यवस्था :

आधुनिकीकरणको विकाससँगसँगै संसारका विभिन्न मुलुकहरु आर्थिक, सामाजिक, राजनैतिक वा विभिन्न कारणले प्राविधिक पक्ष एवं उनीहरुका सम्बन्ध तथा अन्तरसम्बन्धहरु विकास हुने गर्दछन् यिनै सम्बन्धहरुलाई नै विश्वव्यवस्था जोडिएको हुन्छ । किनकी उत्पादन प्रणालीमा श्रोत साधन सम्पन्न नहुनुर विश्वका बलियो अर्थतन्त्र निर्माण गरेका मुलुकले उत्पादन गर्ने श्रोत तथा साधनहरु गरिव तथा अल्पविकसित मुलुकमा प्रयोग हुने हुँदा विश्व व्यवस्था प्रत्यक्ष प्रभाव रहने गर्दछ । अहिले पनि हामी नेपालको उदाहरण दिन सक्छौ युरोपियन युनियनले नेपालमा आएर निर्वाचन सर्वेक्षण गर्ने काम गऱ्यो राज्यलाई सुझाव दिने नाममा नेपालमा जातियता र धार्मिक सहिष्णुता माथि नै खलल पुग्ने गरी सुझाव दियो । उक्त काम यही विश्व व्यवस्था र आधुनिकीकरणको विकासका कारण भएको हो । यसलाई विश्वव्यवस्थाको रुपमा लिन सकिन्छ । बस्तु सेवा एवं पूँजीको बढ्दो बजारीकरण जसलाई विश्व व्यवस्था भनिन्छ ।

समाजवादी व्यवस्थाः

समाजवादी व्यवस्था भन्नाले आधुनिकीकरण सँगसँगै विकासको अन्तिम रुप ज्ञानलाई हामी समाजवादी व्यवस्था भन्न सक्छौ । यो व्यवस्थामा आर्थिक तथा सामाजिक विकास चरम विन्दुमा पुगेको हुन्छ । प्रभावकारी प्रविधिहरुले उत्पादनमा निकै प्रगति गरेको हुन्छ । सर्वहारा वर्ग र मजदुर वर्गले आफ्नो अधिनायकत्व कायम गरेका हुन्छन् । पूँजीपतिहरु सम्पत्ति विहिन

हुने गर्दछन् । वर्गविहिन समाजको निर्माण भएको हुन्छ। जहाँ धनि गरिब भन्ने रहँदैन । सम्पत्तिका सम्पूर्ण श्रोत र साधनहरुको राज्यको स्वामित्वमा हुने गर्दछन् । उत्पादन प्रणाली व्यक्तिगत स्वार्थका लागि भन्दा पनि समाज,राष्ट्र र सामुहिक स्वार्थका लागि उत्पादन र प्रयोग हुने गर्दछ ।

यस शोध अध्ययनलाई यही सामाजिक परिवर्तन सिद्धान्तलाई आधार मानि शोध अध्ययन गरिएको छ । किनकी समाज जति जति आधुनिकीकरण र विकसित हुँदै जान्छ तब तब मानिसका सम्बन्धहरुमा दूर बन्दै जाने स्वार्थ केन्द्रित हुँदै जान्छ । विवाहहरुका सम्बन्धमा विग्रह आउने, निजी स्वार्थमा केन्द्रित हुने आफुले जन्माएका हुकाएएका बालबच्चाहरुको हेरचाह र संरक्षणमा वास्ता नगर्ने हुँदा दिनप्रतिदिन अनाथ बालबालिकाहरुको संख्या बढ्ने र उनीहरुको संरक्षण आवश्यक हुने यस शोध अध्ययनको निष्कर्ष रहेको छ ।

## शीर्षकः अनाथ बालबालिकाहरुको संरक्षण सम्बन्धी एक अध्ययन

*शोधार्थीः एकनाथ अधिकारी (अर्जुन)*

### पृष्ठभूमिः

बालबालिका भन्नाले त्यस्तो उमेर समुहका व्यक्तिहरु हुन् जुन मानवीय जीवनको सुरुवातको अवस्था जसको प्रत्यक्ष रुपमा उसको बाबुआमासँग सम्बन्ध रहेको हुन्छ । ऊ बयस्क नभइन्जेलसम्म उसको सम्पूर्ण रेखदेख, जिम्मेवारी उसका बाबुआमा अर्थात् नजिकका नातेदार हुन्छन् । विश्व स्वास्थ्य संङ्ठनका अनुसार १८ वर्ष मुनिकालाई बालबालिकाको संज्ञा दिएता पनि नेपाल सरकारले १६ वर्ष भन्दा कम उमेरकालाई बालबालिकाको संज्ञा दिएको छ तर अन्य राजनैतिक, वैवाहिक र प्रशासनिक कार्यवाहिमा भने १८ वर्ष भन्दा मुनिका उमेर समुहलाई बालबालिका भनि तोकेको पाइन्छ । त्यस्तैगरी "बालबालिकाको अधिकार सम्बन्धी सरोकार" नामक संस्थाले दिएको परिभाषा अनुसार अठार वर्ष भन्दा मुनिका मानवीय व्यवहार देखाउने बालबालिकाको समुह जो शारीरिक, मानसिक एवम् मनोवैज्ञानिक दृष्टिकोणबाट स्वतन्त्र भएका र संरक्षित भएका बालबालिकाहरूलाई जनाउँदछ । "बालबालिकाको बाँच्न पाउने नैसर्गिक अधिकार" भन्ने उद्घोसका साथ हाल विश्वमा बालबालिकाको हक अधिकार र संरक्षणको निम्ति जुधारु रुपले आवाज बुलन्द गरे तापनि विकसित मुलुकहरूमा प्रायः बच्चा जन्माउने चाहना नराख्ने भएकाले, बच्चा भइहाले पनि बालबालिकालाई स्तनपानको अवस्थादेखि बयस्क अवस्थासम्म सही लालनपालन नहुँदा बढ्दो आधुनिकता, व्यस्थता, सानो सानो टकरावले सम्बन्ध विच्छेद जस्ता कारण बाबुआमा बालबालिकाहरूप्रति पूर्ण समर्पण भएको पाइदैन । धेरैजसो मुलुकहरूमा त १८ वर्ष नपुगिन्जेलसम्म उनीहरूको सम्पूर्ण जिम्मेवारी सरकारले नै व्यहोर्ने गरेको पाइन्छ । कतिपय देशहरुमा अन्य विविध कारणले गर्दा बालबालिकाहरू अलपत्र हुन पुगेका छन् । तर अल्पविकसित, विकासोन्मुख मुलकका भने अति गिरिवीपन, राजनीतिक अस्थिरता, द्वन्दपीडित, भैपरी विपत्ती आदी कारणहरूबाट नै बढी बालबालिकाहरू असंरक्षित जीवन व्यतित गर्न बाध्य छन् ।

समस्याको कथन

- असंरक्षित बालबच्चाहरूलाई बालगृहमा संरक्षण दिन किन आवश्यक पऱ्यो?
- कस्तो-कस्तो समस्याका बाबजुत बच्चाहरू बालगृहमा आइपुग्छन्?
- के कारणले गर्दा यस्ता असंरक्षित बालबच्चाहरूको बृद्धि दर बढ्दै गएको छ?
- बालबालिकाको बालगृह आउनु पूर्व र पश्चात्को अवस्था कस्तो रहेको छ ?

उद्देश्यः

- आश्रित बालबालिका अनाथ हुनुको सामाजिक कारण पत्ता लगाउनु
- बालबालिकाहरू सो गृह आउनु पूर्व एवम् पश्चात्को अवस्था पहिचान गर्नु
- अनाथ हुनुपरेपछिका असरहरु पहिचान गर्नु ।

अध्ययनको ढाँचा

मौलिकतामा आधारित रही वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ ।

प्राथमिक तथ्याङ सङ्कलन विधि

यस शोध अध्ययनमा लक्षित उद्देश्य हासिल गर्नको निम्ति तथ्याङ्को प्रकृति अनुरूप प्राथमिक तथ्याङ्कका विधिहरू मध्येका प्रमुख विधि अन्तवार्ता अनुसूचि र गौण रुपमा अवलोकन विधि, मुख्य जानकार व्यक्तिसँग छलफल गरी तथ्याङ्क सङकलन गरिएको छ ।

समग्र उद्देश्यमुलक अध्ययन विधि

उद्देश्यमूलक नमूना छनोट विधिबाट छनौट गरिएको अध्ययन क्षेत्रमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भई समग्र अध्ययन नमूना छनौट विधिबाट चायल्ड वेयलफेयर एजुकेशन, पोखरा बैदाम र अन्नपूर्ण आत्मनिर्भर बालआश्रम, पोखरा बाटुलेचौरलाई लिई उक्त बालगृहमा संरक्षित कूल ९३ जना बालबालिकाहरु मध्ये सोधको जवाफ दिन सक्ने कक्षा ५ देखि स्नातकतह सम्म अध्ययन गर्ने जम्मा ४५ जना बाललिकाहरुलाई समग्र अध्ययन विधिको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

तथ्याङ्क प्रस्तुतीकरण एवम् विश्लेषणः

यसरी सङ्कलित कोरा तथ्याङ्कलाई वैज्ञानिक रूपबाट व्यवस्थित गरी तालिकीकरण, विस्तृतीकरण गरी देखाइएको छ । तथ्यहरूको प्रकृति हेरी गुणात्मक तथ्यहरूलाई पनि आवश्यक मात्रामा तथ्यपरक बनाइ विश्लेषण गरिएको छ ।

सारांश

यस शोध अध्ययनमा अनाथ, बेसहारा जनजाति/दलित समुदायका हिन्दुधर्म मान्ने बालिका भन्दा बालकहरूको संख्या बढी हुनाले र घर छाडी हिड्ने बालकहरु नै बढी पाइन्छ । बालबालिकाहरू प्रायगरी असंरक्षित हुने भनेको मुख्य रुपमा आर्थिक स्थिति सार्है नै कमजोर त्यसमा पनि बाबुआमा नहुँदा प्रत्यक्ष प्रभाव साना अबोला बालबालिकामा पर्न गई जिम्मेवारीपूर्ण बहन गर्ने कोहीकतै नहुने हुँदा बाबाआमाको मायाजस्तो अन्यत्रको नहुने हुनाले पनि बालबालिकाहरू असंरक्षित बनेको यस अध्ययनबाट थाहा हुन्छ । त्यस्तैगरी अन्य कारणमा सौतेनी बाबा/आमाको हिंसा, दैविक प्रकोप, बाबुआमाले कुकार्य गर्दा बच्चामा पर्ने संवेगात्मक असर पर्ने हुँदा बालबालिकाहरू अनाथ/बेसहारा बन्न पुग्दछन् ।

मुख्य प्राप्तीहरु

बाबुआमा वा दुई मध्ये १ अभिभावक गुमाएकामा सबैभन्दा बढी बालबालिकाहरू आफ्ना बाबुआमा दुवै गुमाएका पाइयो भने आमा मात्र हुने र बाबा मात्र हुने पनि रहेको पाइयो । आमा गुमाएको कारणमा सबैभन्दा बढीले मृत्यु भएर भन्ने जानकारी दिए भने बाँकी १२.७४ प्रतिशतले अन्त्यै विवाह गरी गएको र ५.४५ प्रतिशतले बाबासँग सम्बन्ध विच्छेद गरी गएको तथ्य दिएको पाइयो । बाबा नहुनुको कारणमा मृत्यु भएर सबैभन्दा बढी रहेको बाकी ५ जनाले आमाले पहिलो बाबालाई छोडी अर्को विवाह गर्दा, बाबाआमाको चिनारी नभएको, आमाअर्को सँग जादा आमाले नलगेको र बाबुले पनि संरक्षण नगर्दा बेसहारा भएको जानकारी पाइयो । पारिवारिक आर्थिकस्थितिको अति गरिवी रहेको पाइयो । संरक्षित बालबालिकाहरु प्राय बाबुआमाहरु ज्यालामजदुरी र केहीले कृषि पेसा अपनाएको पाइयो ।

बालबालिकाहरू परिवारबाट अलग भए पश्चात सबैभन्दा आफन्तजनको सहयोगबाट संरक्षण केन्द्रसम्म पुऱ्याएको जानकारी पाइयो भने केही बालबालिकाहरु संरक्षणको अभावमा सडकतिर भौतारिदा बाबालिकाको लागि काम गर्ने संघसंस्थाल सडकबाट नै संरक्षण गृहमा लगेको पाइयो । बालगृहमा बालबालिकालाई दिइएको सुविधामा खानबस्न मात्र नभई उनीहरूलाई अन्य बालबालिका सरह शिक्षा, स्वास्थ्य, छात्रवृत्ति, अतिरिक्त क्रियाकलापमा मनोरञ्जनात्मक कार्यहरू समय अनुसार विभिन्न जात धर्म अनुसारका चाडपर्वहरू मनाउने, आवश्यक मात्रामा तालिमको सुविधा पनि रहेको पाइयो । संरक्षित बालबालिकाहरू अध्ययन पश्चात् रोजगारीको अवसर सुनिश्चित हुनुपर्ने बताए भने सरकारको तर्फबाट पनि यस्ता बालगृहको मात्र मुख नताकि गरिव तथा अनाथहरूको लागि गासवासको व्यवस्था मिलाइदिनुपर्ने, अनाथ बालबालिकाहरूलाई हेर्ने दृष्टिकोणमा सकरात्मक परिवर्तन ल्याउनुपर्ने, पढाई पश्चात् रोजगारीको व्यवस्था ग्यारेन्टी गरिदिनुपर्ने बताए ।

निष्कर्ष

- बालबालिकाहरू विशेषगरी असंरक्षित हुने भनेको मुख्य रूपमा आर्थिक स्थिति सार्है नै कमजोर त्यसमा पनि बाबुआमा नहुँदा प्रत्यक्ष प्रभावमा साना अबोला बालबालिकामा पर्न गई जिम्मेवारीपूर्ण बहन गर्ने कोहीकतै नहुने हुँदा बाबाआमाको मायाजस्तो अन्यत्रको नहुने हुनाले पनि बालबालिकाहरू असंरक्षित बनेको यस अध्ययनबाट थाहा हुन्छ । त्यस्तैगरी अन्य कारणमा सौतेनी बाबा/आमाको हिंसा, द्वन्द पीडित, दैविक प्रकोप, राजनीतिक अस्थिरता, बाबुआमाले कुकार्य गर्दा बच्चामा पर्ने संवेगात्मक असर पर्ने हुँदा बालबालिकाहरू अनाथ/बेसहारा बन्न पुग्दछन् ।
- हाल बालबालिकाको बाँच्न पाउने नैसर्गिक अधिकार भन्ने नारा विश्वबाटै प्रसारित भई नेपालमा पनि यसको सरकारी तथा निजी क्षेत्रबाट कार्यान्वयन सुरु भएको पाइन्छ । त्यसमा पनि सामाजिक भावनाले खोलिएका सामाजिक संस्थाहरूबाट नै बढी मात्रामा बालबालिकाहरूको लागि संरक्षण एवम् सम्बर्द्धन गरी उनीहरूको उचित आवास, शिक्षा, तालिम, रोजगारको व्यवस्था गर्नाले संरक्षित बालबालिकाहरू आफ्नो आश्रय पूर्वको दिनचर्यालाई सम्फी अन्य अलपत्र, अनाथ भएका बालकालिकाहरूलाई पनि निजी क्षेत्रका संघसंस्थाले भन्दा सरकारले नै उनीहरूको संरक्षण, सम्बर्द्धन एवम् रोजगारीको ग्यारेन्टी गरिदिनुपर्ने तथ्य यस अध्ययनबाट पुष्टि हुन्छ ।

सुझाव

- हरेक मानिस "मानवको रूपमा बाँच्न पाउने"अधिकारलाई मनन गरी बालबालिका हरूप्रति आफ्नो जिम्मेवारी पूर्ण गर्नुपर्ने गैर जिम्मेवारीपूर्ण, गैरकानुनी तवरबाट यौन सम्पर्क गरी जन्मिने बालबालिकाहरू र तिनीहरू संरक्षणको अभावमा खोला, जङ्गल, ताल नदि किनारमा फालि मानवप्रति गरेको जघन्य अपराधीहरूलाई सोही कार्य अनुरूपको दण्ड जरिवाना गरिने नीति कार्यान्वयनमा ल्याइनुपर्ने ।
- "घाँटी हेरी हाड निल्नु" भने भैं आफ्नो औकात हेरी बालबच्चाहरूलाई जन्म दिइनुपर्ने, छोरा वा छोरीको चाहनामा व्यग्रेती बच्चाहरू जन्माइ उनीहरूको मानसिकतामा ठेस पुग्ने कार्य गर्नुनहुने सो सम्बन्धी समाजमा बढी भन्दा बढी जनचेतना फैलाउनुपर्ने ।